कृषि विकास बैंक लिमिटेड

वार्षिक साधारणसभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७७/०९/०८ गते)

आदरणीय शेयरधनी महानुभावहरु,

यस बैंकको मिति २०७७/०९/०६ गते बेलुका ७:१५ बजे बसेको सञ्चालक समितिको बैठक नं. ८५५ को निर्णयानुसार यस बैंकको चौधौं वार्षिक साधारण सभा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न देहायको मिति, समय र स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थिति/सहभागिताको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

सभा बस्ने मिति, समय र स्थानः

(१) मिति : २०७७/०९/२९ गते (Jan 13, 2021) बुधवार ।

(२) समय : बिहान ११:०० बजे

(३) स्थान : कृषि विकास बैंक लि. केन्द्रिय तालिम प्रतिष्ठान बोडे, भक्तपुर ।

(हाल महामारीको रुपमा रहेको कोभिड-१९ को कारण नेपाल सरकारले जारी गरेको सुरक्षा मापदण्डको पूर्णपालना गरी सभा सम्पन्न गर्नुपर्ने विशेष परिस्थितिका कारण Virtual माध्यमबाट उपस्थितिको निमित्त आग्रह गरिएको छ ।)

छलफलका विषयहरुः

(**क**) **सामान्य प्रस्तावहरु :**

(१) संचालक समितिकोतर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्ने आर्थिक वर्ष २०७६/०७७ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७६/०७७ को वासलात, सोही अवधिको नाफा नोक्सान हिसाब, ईक्विटमा भएको परिवर्तन, नगद प्रवाह विवरण र सो सम्बन्धी अनुसूचीहरु लगायत वार्षिक आर्थिक विवरणहरु छलफल गरि पारित गर्ने ।

(३) यस बैंकको सहायक कम्पनीहरु कोष व्यवस्थापन कम्पनी लि. तथा गोबर ग्यॉस कम्पनी र सम्बद्ध कम्पनी साना किसान विकास लघुवित्त वित्तीय संस्था को आ.व. २०७६/०७७ को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण स्वीकृत गर्ने ।

(४) संचालक समितिको प्रस्ताव बमोजिम साधारण चुक्ता पूँजीमा बोनस प्रदान गर्दा बोनश शेयरमा लाभ्ने कर वापत प्रति शेयर ०.७८९५ प्रतिशत नगद लाभांश र अविमोच्य असंचित अग्राधिकार (Non Convertible Irrdemable Preference share) शेयरधनीलई चुक्ता पूँजीको ६ प्रतिशत नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।

(५) आर्थिक वर्ष २०७७/०७८ को लागि महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षक नियुक्तिको लागि परामर्श प्राप्त हुने लेखापरीक्षकलाई यस बैंकको लेखापरीक्षकमा नियुक्ति गर्ने तथा पारिश्रमिक र सेवा शर्त तोक्ने ।

(**ख**) **विशेष प्रस्तावहरु :**

(१) साधारण शेयरधनीहरुलाई साधारण चुक्ता पूँजीको १५ प्रतिशत बोनस शेयर प्रदान गर्ने सम्बन्धी संचालक समितिको प्रस्ताव पारित गर्ने ।

(२) विशेष प्रस्ताव नं. (१) बमोजिमको बोनस शेयर प्रदान गरिएकोमा सो हदसम्म बैंकको जारी तथा चुक्ता पूँजी बृद्धि गर्ने विषयहरु समावेश गरिएको बैंकको प्रवन्धपत्र र नियमावलीको तत्सम्बन्धि दफा/नियम एवं उपदफा/उपनियमहरु संशोधन तथा थप गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

(३) बैंकको प्रवन्धपत्रको दफा ५ को उपदफा (२) र (३) तथा दफा ७ को उपदफा (२) को खण्ड (क) र (ख) मा संशोधन तथा थप गर्ने सम्बन्धी संचालक समितिको प्रस्ताव स्वीकृत गर्ने ।

(४) बैंकको नियमावलीको नियम ५ को उपनियम (२) र (३), नियम ७ को उपनियम (१) को (क) र (ख) मा संशोधन तथा थप गर्ने सम्बन्धी संचालक समितिको प्रस्ताव स्वीकृत गर्ने ।

(५) बैंकको प्रबन्धपत्रको दफा (४) मा संशोधन गर्ने सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने ।

(६) प्रबन्धपत्र तथा नियमावलीमा प्रचलित कानून बमोजिम संशोधन गर्नु पर्ने भएमा वा नियमकारी निकायबाट संशोधन गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन तथा संशोधनका लागि सञ्चालक समितिलाई अख्तियारी दिने ।

(**ग**) **विविध ।**

वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारीः

(१) बैंकको चौधौं वार्षिक साधारणसभा तथा नगद/स्टक बोनस प्रयोजनका लागि मिति २०७७/०९/१५ देखि २०७७/०९/२९ गते सम्म बैंकको शेयरधनी दर्ता किताब बन्द रहने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सो मिति भन्दा अघिल्लो कार्य दिनसम्म कारोवार भई मिति २०७७/०९/२२ गते भित्र यस बैंकको शेयर रजिष्ट्रार एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र यो सभामा भागलिन पाउने छन् ।

(२) हाल देशभरी महामारीको रुपमा फैलिएको कोभिड-(१९ को कारण नेपाल सकारले जारी गरेको सुरक्षा मापदण्डको पूर्ण पालना गरी सभा सम्पन्न गर्नुपर्ने विशेष परिस्थितिका कारण Virtual माध्यमबाट उपस्थिति/सहभागिताको लागि हार्दिक अनुरोध छ ।

(३) Virtual माध्यमबाट उपस्थित/सहभागी शेयरधनीहरुलाई सभाहालमा उपस्थित भए सरह मान्यता दिइने छ । उपस्थित गण पूरक संख्या सभा संचालनको निमित्त निर्दिष्ट संख्या अनुसार पर्याप्त भएमात्र सभा संचालन हुनेछ ।

(३) Virtual माध्यमबाट उपस्थित शेयरधनीहरुको हाजिर निजहरुले गरेको Login मार्फत सबैको Login भएको देखिने गरी प्रमाणको निमित्त फोटो खिचेर राखिने छ, साथै सभा संचालन अवधि भरिको भिडियो रेकर्डिङ गरिनेछ ।

(४) Meeting ID/ Password को निमित्त आफ्नो परिचय, शेयरधनी नम्बर, शेयर संख्या सहित उल्लेख गरी कम्पनीको Email:cs@adbl.gov.np मार्फत समयमै सम्पर्क गरी प्राप्त गर्न सकिने व्यवस्था गरिएको जानकारी गराउँदछौं । साथै अन्तिम समयमा सम्पर्क गर्दा शेयरधनीको पहिचान Verification गरी ID/Password समयमै पठाउन आइपर्न सक्ने प्राविधिक कठिनाइबाट बच्न कम्तिमा २ दिन अगावै ID/Password लिन समेत अनुरोध छ । साथै सोहीं emailAddress मा साधारण सभाको प्रतिवेदन समेत पठाइनेछ ।

(५) Virtual माध्यमबाट साधारणसभामा आफ्नो मन्तव्य राख्न चाहनु हुने शेयरधनी महानुभावहरुले कम्तिमा दुई दिन अगावै कम्पनी सचिव वा कम्पनीको आधिकारिक Email:cs@adbl.gov.np मा सम्पर्क गरी नाम टिपोट गराउनु हुन अनुरोध गर्दछौं ।

(६) शेयरधनी महानुभावहरुको सुविधाका लागि कम्पनी ऐन, २०६३ अनुसारको लेखापरीक्षकको प्रतिवेदन सहितको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन तथा वार्षिक साधारणसभा सम्बन्धी अन्य जानकारीहरु यस बैंकको Website:www.adbl.gov.np मा समेत उपलब्ध । साथै, यस सम्बन्धी विवरणहरु बैंकको मुख्य कार्यालय, रामशाहपथ काठमाडौं तथा शेयर रजिष्ट्रार NIBL ACE CAPITAL LIMITED, लाजिम्पाट, काठमाडौंबाट समेत शेयरधनी परिचयपत्र प्रस्तुत गरी अवलोकन गर्न र प्राप्त गर्न सक्नुहुनेछ ।

(७) शेयरधनी महानुभावहरुको व्यक्त गरेका मन्तव्य वा प्रश्नहरुका सम्बन्धमा संचालक समितिका अध्यक्ष वा निजले तोकेको पदाधिकारीबाट उत्तर दिइनेछ ।

(८) शेयरधनी महानुभावहरुलाई छलफलका विषयहरु मध्ये विविध शीर्षक अन्तरगत छलफल गर्न इच्छुक शेयरधनी महानुभावहरुले छलफललाई व्यवस्थित गर्न प्रयोजनका लागि सभा हुनु भन्दा कम्तिमा सात दिन अगावै कम्पनीको Email:cs@adbl.gov.np मार्फत सञ्चालक समितिका अध्यक्षलाई लिखित रुपमा जानकारी दिनु हुन अनुरोध छ ।

(९) सभा शुरु हुने भनी तोकिएको दिनभन्दा कम्तीमा ४ (चार) दिन अर्थात ९६ घण्टा अगावै बैंकको कम्पनी सचिवालयमा कार्यालय समयभित्र प्रतिनिधित्व (प्रोक्सी) फारम दर्ता गरी सकुनु पर्नेछ । एक शेयरधनीले एक भन्दा बढी प्रतिनिधित्व (प्रोक्सी) नियुक्त गरेको अवस्थामा मैले यस अघि दिएको सबै प्रतिनिधि पत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधि पत्र (प्रोक्सी) लाई मान्यता दिईयोस भनी छुट्टै पत्र समेत लेखी पठाइएको रहेछ भने अरु सबै प्रतिनिधि पत्र (प्रोक्सी) बदर भई सोही पत्र साथ दर्ता भएको प्रतिनिधित्व (प्रोक्सी) मात्र मान्य हुनेछ । तर एक शेयरधनीले एकभन्दा बढी व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी पठाइएको पाईएमा त्यस्ता प्रतिनिधि (प्रोक्सी) समयमै प्राप्त भएतापनि सबै प्रतिनिधि पत्र (प्रोक्सी) बदर हुनेछ । एक भन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी वा अन्य किसिमबाट छुट्याई प्रतिनिधि पत्र (प्रोक्सी) दिन पाइने छैन ।

(१०) नाबालक वा विक्षिप्त अवस्थाका शेयरधनीका तर्फबाट बैंकको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भई रहेको व्यक्तिले छष्वतगर्वाबाट सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछन् ।

(११) प्रतिनिधि (प्रोक्सी) मुकर गरी सन्कुभएका शेयरधनीआफै सभामा Virtual माध्यमबाट उपस्थित भई हाजिर जनाएमा प्रतिनिधि मुकरर गरिसकेको भएतापनि प्रोक्सी स्वतः बदर हुनेछ ।

(१२) कुनै बैंक, वित्त कम्पनी, गुठी, संघ संस्था वा कम्पनीले यस बैंकको शेयर खरिद गरेको अवस्थामा बैंकको प्रवन्धपत्र तथा नियमावलीको अधीनमा रही व्यस्तो संगठित संस्थाको आधिकारिक पदाधिकारीले खटाएको वा मनोनित गरेको प्रतिनिधिले छष्वतगर्वा माध्यमबाट सभामा भाग लिन पाउनेछ ।

(१३) शेयरधनी महानुभावहरुको हाजिरीको लागि सभा हुने दिन बिहान १०:०० बजेदेखि Virtual माध्यमबाट खुला रहने छ ।

(१४) यस सम्बन्धमा अन्य कुनै जानकारी आवश्यक परेमा कार्यालय समय भित्र बैंकको मुख्य कार्यालय रामशाहपथ, काठमाडौं स्थित कम्पनी सचिवालयमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

कृषि विकास बैंक लि.
मुख्य कार्यालय, रामशाहपथ, काठमाडौं
फोन नं. ०१-४२६४०१६

कम्पनी ऐन, २०६३ को दफा ८४ बमोजिम प्रस्तुत कृषि विकास बैंक लिमिटेडको संक्षिप्त वार्षिक आर्थिक विवरण

आर्थिक वर्ष २०७६/७७

(प्रथम पटक प्रकाशित मिति:२०७७/०९/०८)

आदरणीय शेयरधनी महानुभावहरु, कृषि विकास बैंक लिमिटेडको मिति २०७७/०९/२९ मा सम्पन्न हुने चौधौं वार्षिक साधारणसभाको प्रयोजनार्थ बैंकको आर्थिक वर्ष २०७६/७७ को वासलात, नाफा नोक्सान हिसाब, नगद वित्तुत प्रवाहको विवरण, ईक्विटीमा भएको परिवर्तन, नगद प्रवाह विवरण लगायत बैंकको आर्थिक कारोवारको सिंहावलोकन, भविष्यका योजनाहरु र लेखापरीक्षकबाट लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित कैफियतहरु सम्बन्धमा संचालक समितिको निर्णय निम्नानुसार रहेको व्यहोरा यस संक्षिप्त वार्षिक आर्थिक विवरण मार्फत यहाँहरुलाई जानकारी गराउँदछौं ।

बैंकको कारोबार तथा वित्तीय स्थिति

बैंकको आर्थिक वर्ष २०७६/७७ र चालु वर्षको कात्तिक मसान्तसम्मको कार्य सम्पादनको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ । कृषि विकास बैंक लि. समूहको वित्तीय विवरणमा रु.८९ प्रतिशत स्वामित्व भएको सहायक कम्पनी कोष व्यवस्थापन लिमिटेड र २२ प्रतिशत स्वामित्व भएको वित्तीय स्वार्थ रहेको साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको वित्तीय विवरण संलग्न गरी प्रस्तुत गरिएको छ । बैंकको ८३.९६ प्रतिशत स्वामित्व रहेको गोबर ग्यास कम्पनीमा लगानी भएको रु. ३२ लाख ४१ हजारको शत प्रतिशत नोक्सानी व्यवस्था गरिएको छ । कोष व्यवस्थापन कम्पनीको आर्थिक वर्ष २०७६/७७ मा रु. ३३ लाख नाफा भएकोले शेयरधनी कोषमा रु.५ करोड ७ लाख ६६ हजार कायम रहेको छ । कोष व्यवस्थापन कम्पनीमा रहेको कुल पुँजी कोषको ५०.७६ प्रतिशत रकम विभिन्न कम्पनीहरुको शेयरमा लगानी गरेको छ । यस कम्पनीले अन्य कुनै कारोवार गरेको छैन । सो कम्पनीमा बैंकले रु.२ करोड ८८ लाख लगानी गरेर रु.४ करोड ७१ लाखको खुद सम्पत्ति नियन्त्रण गरेको छ भने रु.३६ लाख १० हजार बराबरको गैर नियन्त्रित स्वार्थ रहेको छ । साना किसान लघुवित्त वित्तीय संस्थामा २२ प्रतिशत वित्तीय स्वार्थ रहेकोले सो कम्पनीमा भएको लगानीलाई नेपाल लेखामानले निर्दिष्ट गरे अनुसार लेखाङ्कन गरी वित्तीय विवरणमा प्रस्तुत गरिएको छ । साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्राप्त संस्था भएकोले प्रचलित ऐन तथा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कारोवार गरेको छ ।

आर्थिक वर्ष २०७६/७७ को आषाढ मसान्तमा बैंकको निक्षेप रकममा २०.४२ प्रतिशतले वृद्धि भई रु.१४३ अर्ब ७३ करोड पुगेको, कर्जा तथा सापटमा १०.४० प्रतिशतले वृद्धि भई रु.१२३ अर्ब ३७ करोड पुगेको छ भने सोही अवधिमा बैंकको लगानी रकममा ४४.७९ प्रतिशतले वृद्धि भई रु.२४५२ करोड कायम भएको छ । कुल कर्जा तथा सापटमा निष्कृय कर्जाको अनुपात गत आर्थिक वर्षको ३.२९ प्रतिशतमा सुधार भई आर्थिक वर्ष २०७६/७७ को वर्षान्तमा २.८४ प्रतिशत कायम हुन पुगेको छ । आर्थिक वर्ष २०७५/७६ मा जोखिम भारित सम्पत्तिमा कुल पूँजी कोष अनुपात २०.३७ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७६/७७ को आषाढ मसान्तमा १५.३३ प्रतिशत कायम रहेको छ । आर्थिक वर्ष २०७६/७७ को आषाढ मसान्तमा बैंकको शेयरधनी (अग्राधिकार शेयर पूँजीबाहेक) कोषमा ०.०८४ प्रतिशतले कमी भई रु.२२७१ करोड कायम रहेको छ । त्यसैगरी संचालन मुनाफा गत आर्थिक वर्षको तुलनामा १९.१५ प्रतिशतले कमी भई रु.४३१ करोड पुगेको छ ।

बैंकको वित्तीय अवस्थाको विश्लेषण गर्दा कुल निक्षेप २०७७ साल आषाढ मसान्तमा रु.१४३ अर्ब रहेकोमा २०७७ साल कात्तिक मसान्तमा उक्त रकममा रु.२८४ करोडले कमी भई रु.१४० अर्ब ८९ करोड पुगेको छ । कर्जा तर्फ २०७७ आषाढ मसान्तमा बैंकको लगानीमा रहेको कर्जा रु.१ खर्ब २३ अर्ब रहेकोमा २०७७ कात्तिक मसान्तमा उक्त रकममा २११ करोड अर्थात १.७१ प्रतिशतले वृद्धि भई रु.१२५ अर्ब ४८ करोड कायम रहेको छ । बैंकले चालु आर्थिक वर्षको स्वीकृत बजेट तथा कार्यक्रम अनुसार निर्धारण गरिएका लक्ष्यहरु हासिल हुने गरी कार्यक्रम संचालन गरिएको छ । अस्थायिक प्रतिस्पर्धात्मक बजारमा समेत बैंक चालु आर्थिक वर्षमा कर्जा तथा सापट, कर्जा लगानी, खुद नाफा लगायतका अधिकांश सूचकांकहरुमा लक्ष्य अनुसार प्रगति हासिल गर्न कोभिड-१९ कारणले असर परेको छ । आर्थिक वर्ष २०७६/७७ मा Debenture Redemption Reserve बाट साधारण शेयरधनीहरुलाई चुक्ता पूँजीको १५ प्रतिशतले हुने बोनस शेयर रकम रु.१,४३३,४६९,१०४/६४ र आर्थिक वर्ष २०७५/७७ सममको सञ्चित नाफाबाट ०.७८९५ प्रतिशतले हुने नगद लाभांश रकम (कर प्रयोजनको लागि) रु.७५,४४५,७४२।३५ तथा अग्राधिकार शेयर पूँजीमा तोकिएको दरमा वार्षिक ६ प्रतिशतले हुने नगद लाभांश रकम रु.३२५,९६२,७२०/- धोषणा तथा वितरणको लागि मिति २०७७/०९/२९ मा सम्पन्न हुने बैंकको चौधौं वार्षिक साधारण सभामा प्रस्ताव पेश गरिने व्यहोरा जानकारी गराउँदछौं । आर्थिक वर्ष २०७६/७७ को बैंकको कारोवार तथा वित्तीय स्थिति निम्नानुसार रहेको छ ।

आ.व. २०७६/७७ मा बैंकको प्रगति विवरण

वार्षिक परिणामहरु	इकाई	आ.व. २०७५/७६	आ.व. २०७६/७७	फरक/वृद्धि % मा
खुद ब्याज आम्दानी	रु. हजारमा	७,६१४,९९२	६,७१६,१२१	(११.८०)
कुल संचालन आम्दानी	रु. हजारमा	९,०२३,२३१	९,०२०,०४८	(०.०४)
संचालन मुनाफा	रु. हजारमा	५,३४१,७१८	४,३१८,६०३	(१९.१५)
बचालत्को अवस्था				
शेयरधनी कोष	रु. हजारमा	२२,७३१,२९१	२२,७१२,२१२	(०.०८४)
निक्षेप	रु. हजारमा	१९९,३६३,२९३	१४३,७३१,६५७	२०.४२
कुल कर्जा तथा सापट	रु. हजारमा	१११,७५०,२१९	१२३,३७७,१११८	१०.४०
कुल लगानी	रु. हजारमा	१६,९४४,८३३	२४,५२०,२८८	४४.७१
कुल सम्पत्ति	रु. हजारमा	१५१,५७४,९९७	१७९,३२०,२१८	१८.३०
प्रति शेयर सूचना				
शेयर पूँजीमा लाभांश (नगद समेत)	**प्रतिशत**	३०	१५.७९	(४७.३७)
वर्षान्तमा प्रति शेयर किताबी मूल्य	रु. मा	२५२.१३	२३७.६६	(५.७४)
वित्तीय अनुपातहरु				
स्थिर सम्पत्तिमा संचालन मुनाफा	प्रतिशत	४००.५५	२७२.७५	(३१.९१)
कर्जा सम्पत्तिको अनुपातमा खुद मुनाफा	प्रतिशत	३.७५	२.७०	(२८)
कुल सम्पत्तिको अनुपातमा खुद मुनाफा	प्रतिशत	२.७७	१.८६	(३२.८१)
पूँजी कोष अनुपात (जोखिम भारित सम्पत्तिमा पूँजी कोषको पर्याप्तता)				
जोखिम भारित सम्पत्तिमा प्राथमिक पूँजीको अनुपात (न्युनतम ६ प्रतिशत हुनुपर्ने)	प्रतिशत	१९.२७	१६.५	(१४.३७)
जोखिम भारित सम्पत्तिमा कुल पूँजीको अनुपात (न्युनतम ११ प्रतिशत हुनुपर्ने)	प्रतिशत	२०.३७	१९.३३	(५.११)
निष्कृय कर्जाको कुल कर्जासँगको अनुपात	प्रतिशत	३.२९	२.८४	(१३.६८)

#शेयरधनी कोष गणनामा अग्राधिकार शेयर पूँजी समावेश गरिएको छैन ।

भविष्यका योजनाहरु

यस बैंकको भविष्यका योजनाहरु निम्नानुसार रहेका छन् ।

(१) बैंकले प्रवाह गर्ने सेवालाई छिटो, छरितो र ग्राहकमुखी बनाउन विशिष्टीकृत सेवाको लागि कार्यालयहरु किटान गरी क्रमिक रुपमा सेवा विस्तार गरिने छ ।

(२) कर्जा प्रवाह, स्वीकृति र कागजात व्यवस्थापन प्रकृयालाई छिटो, छरितो, सहज, गुणस्तर कायम गर्न तथा केन्द्रिय प्रादेशिक नियन्त्रण प्रणालीलाई व्यवस्थित बनाउन Document Management System (DMS) तथा Credit Processing System सम्बन्धी Software को व्यवस्था गरी कार्यान्वयन गरिने छ ।

(३) सम्भाव्यताको आधारमा कृषि, जलविद्युत, पर्यटन तथा अन्य क्षेत्रका ठुला परियोजनाहरुमा लगानी विस्तार गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

(४) कुल निक्षेपमा स्थायी प्रकृतिको न्युन लागतको निक्षेप भार बृद्धि गर्दै निक्षेपको मिश्रणलाई भरपर्दो तथा दिगो बनाउने नीति लिई कार्यक्रम संचालन गरिने छ ।

(५) दीर्घकालीन न्युन लागतको स्रोत परिचालनका लागि कृषि बन्ड निष्काशन गरिने छ ।

(६) भारत लगायत तेस्रो मुलुकबाट विप्रेषण आप्रवाहलाई प्रभावकारीरुपमा बैंकिङ प्रणाली मार्फत कारोवार बढाउने कार्यलाई निरन्तरता दिईनेछ ।

(७) यस बैंकलाई कृषि क्षेत्रको अगुवा बैंकको रुपमा विकास गरी लाभो अवधिसम्म लगानी गर्न भरपर्दो स्रोत कृषि बन्ड र किसानलाई ऋण तथा अनुदानसंग आवद्ध गरी भुक्तानी प्रणालीलाई प्रविधि सुरक्षित किसान क्रेडिट कार्ड प्रभावकारी रुपमा संचालनमा ल्याउने । किसानहरुलाई जानकारी मूलक सूचना समेत दिन किसान एप थप प्रभावकारी रुपमा विस्तार गर्नेछ ।

(८) बैंकले बिभिन्न दातृ निकाय तथा एजेन्सीसँग सम्बन्ध, सहकार्य तथा सम्झौता गरी कम लागतको दीर्घकालीन पूँजी स्रोत परिचालन गर्ने वातावरण सिर्जना गर्नेछ ।

(९) संघीय, प्रादेशिक तथा स्थानीय सरकारहरुसँग सम्बन्ध, सहकार्य तथा सम्झौता गरी कार्यक्रमहरु संञ्चालन गर्ने कार्यलाई निरन्तरता दिंदै जानछ ।

(१०) NPR Prepaid Card, Credit Card, Co-Branding Card तथा Dollar Card को शुरुवात गरी Digital Banking Product लाई थप विस्तार गरिने छ ।

(११) बैंकले प्रयोग गरिरहेको Core Banking System(CBS) लाई Additional AAA Module सहित Upgradation गदै MIS लाई थप प्रभावकारी बनाउन तद्अनुरुप कार्य गरिनेछ ।

(१२) नियमहरुको परिपालना गरी दीगो रुपमा प्रतिस्पर्धात्मक आधुनिक बैंकिङ्ग सेवा प्रदान गर्न सम्बन्धमा बैंकले प्रयोग गर्दै आएको Core Banking System (CBS) लाई थप सुरक्षित बनाउन Cyber Security का राष्ट्रिय तथा अन्तर्राष्ट्रिय Best Practices अपनाई भरपर्दो, सबल, विश्वासनिय र जोखिम रहित गराउने कार्यलाई प्राथमिकता दिई तदनुरुपका कार्यहरुको थप प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

(१३) नेपाल सरकारले कार्यान्वयनमा ल्याएको डिजिटल नेपाल फ्रेमवर्कको मर्म अनुरुप सबै प्रकारका भुक्तानी वित्तीय कारोवार विद्युतीय माध्यमबाट गर्न प्रोत्साहित गर्ने ।

(१४) भुक्तानी प्रणालीको विकास सम्बन्धी सूचकहरु (Payment System Indicator- PSID) प्रयोग थप प्रभावकारी बनाउने ।

वित्तीय अवस्थाको विवरण (वासलात)

सम्पत्ति	समूह		बैंक	
	यस वर्ष रु.	गत वर्ष रु.	यस वर्ष रु.	गत वर्ष रु.
नगद तथा नगद सरह	८,४८९,९८९,८१३	११,५०२,८६६,७२१	८,४८९,४३२,१६७	११,५००,७५२,५२३
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	१२,५६७,११११,१६६	४,९९३,६५९,८३३	१२,५६७,११११,१६६	४,९९३,६५९,८३३
बैंक/वित्तीय संस्थामा रहेको मौज्दात	५,०००,६०५,९८०	२,८५८,७००,०००	५,०००,६०५,९८०	२,८५८,७००,०००
डेरीभेटिभ् वित्तीय साधनहरु	१३३,७६२,२००	१९८,५५२,२००	१३३,७६२,२००	१९८,५५२,२००
अन्य व्यापारिक सम्पत्ति	१७,४२२,९३९	०	१७,४२२,९३९	०
बैंक/वित्तीय संस्थालाई प्रदान गरिएको कर्जा तथा सापट	१,१३७,५५९,४५१	१,२८५,२६८,९३७	१,१३७,५५९,४५१	१,२८५,२६८,९३७
ग्राहकलाई प्रदान गरिएको कर्जा तथा सापट	१२१,८४९,३९४,२६९	१०९,४७७,८४१,९९९	१२१,८४९,३९४,२६९	१०९,४७७,८४१,९९९
धितोपत्रमा गरिएको लगानी	२४,४४८,५४८,८४३	१६,८७९,९४४,२१६	२४,४२२,०६४,१२१	१६,८४६,६०८,५२०
चालु कर सम्पत्ति	३०६,३८५,५५७	०	८९७,७१७,७९१	२०६,४२३,३४०
सहायक कम्पनीहरुमा गरिएको लगानी	०	०	२८,८४०,०००	२८,८४०,०००
एसोसियट्समा गरिएको लगानी	५९०,७०१,७९७	४९,७२८,३४७	६९,३८४,०००	६९,३८४,०००
सम्पत्तिमा गरिएको लगानी	२२०,९२५,९०२	२५८,४२३,४९६	२२०,९२५,९०२	२५८,४२३,४९६
सम्पत्ति तथा उपकरण	१,२९१,८५२,२८९	१,२६६,५४२,३५५	१,२९३,५४४,४२७	१,२६४,१९२,२७६
ख्याती तथा अमूर्त सम्पत्ति	२८९,८०२,७८९	६९,३९८,७४६	२८९,८०२,७८९	६९,३९८,७४६
स्थगन कर सम्पत्ति	०	०	०	०
अन्य सम्पत्ति	२,९९७,४१८,९४१	२,६१२,१७५,७५३	२,९१५,६५०,६२४	२,६०६,९५१,००१
कुल सम्पत्ति	१७९,५२५,४७९,१३५	१५१,८०३,६४२,६०३	१७९,३२०,२१८,२२६	१५१,५७४,९९६,८७२
दायित्व	**यस वर्ष रु.**	**गत वर्ष रु.**	**यस वर्ष रु.**	**गत वर्ष रु.**
बैंक/वित्तीय संस्थाहरुलाई तिर्न बाँकी रकम	१०३,१३२,५१८	४७८,३६९,७१५	१०३,१३२,५१८	४७८,३६९,७१५
नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी रकम	९,६७०,४९४	३८,४२२,२११	९,६७०,४९४	३८,४२२,२११
डेरीभेटिभ् वित्तीय साधनहरु	०	०	०	०
निक्षेप दायित्व	१४३,६०४,८८७,८५०	११८,८६४,२६५,१४१	१४३,६२८,५४४,८१७	११८,८८४,९२३,३५६
सापट	१०,९३७,३७६	६०,९१७,०८८	१०,९३७,३७६	६०,९१७,०८८
चालु कर दायित्व	०	६२,४१३,०४५	०	०
व्यवस्थाहरु	०	०	०	०
स्थगन कर दायित्व	१७७,०८४,४४०	११३,६१४,७१५	१७७,०८४,४४०	११३,६१४,७१५
अन्य दायित्व	४,४२६,२१२,७१८	३,५१७,३८१,६५६	४,४२५,३३३,४६०	३,५०८,७८१,२९०
जारी गरिएको ऋणपत्र	२,४९४,६४९,१०८	०	२,४९४,६४९,१०८	०
सुरक्षण नराखिएको सहायक दायित्व	०	०	०	०
कुल दायित्व	१५०,८२६,५७४,५८४	१२३,१३५,३८६,२९०	१५०,८४९,३३१,२२१	१२३,०८५,०३१,०९५
इक्विटी				
शेयर पूँजी	१४,९८९,१७२,६९८	१४,४४८,२४०,९६०	१४,९८९,१७२,६९८	१४,४४८,२४०,९६०
शेयर प्रिमियम	०	०	०	०
सञ्चित नाफा	२,२९३,५२४,९१४	३,७३३,२३९,१२४	२,३४२,१२४,८५३	३,५५८,३२३,००२
कोषहरु	११,१३९,५८९,४५४	१०,४८३,४०१,८१५	११,१३९,५८९,४५४	१०,४८३,४०१,८१५
शेयरधनीहरुको कुल हित	२८,४२२,८७७,०६५	२८,६६४,८८१,८९९	२८,४७०,८८७,००५	२८,४८९,९६५,७७७
अल्पसंख्यक समूहको हित	३,६१०,२८६	३,३७४,४१३		
कुल इक्विटी	२८,४२५,८९७,३५१	२८,६६८,२५६,३१२	२८,४७०,८८७,००५	२८,४८९,९६५,७७७
सम्भावित दायित्व तथा प्रतिबद्धता	१७९,५२५,४७९,१३५	१५१,८०३,६४२,६०३	१७९,३२०,२१८,२२६	१५१,५७४,९९६,८७२
प्रति शेयर खुद सम्पत्ति मूल्य	२३७.१५	२५४.०८	२३७.६६	२५२.१३

नाफा/नोक्सान हिसाबको विवरण

विवरण	समूह		बैंक	
	यस वर्ष रु.	गत वर्ष रु.	यस वर्ष रु.	गत वर्ष रु.
ब्याज आम्दानी	१५,८००,२०३,६१३	१५,४६७,७३६,२१३	१५,८२१,७०१,१९८	१५,४८०,१२२,१०५
ब्याज खर्च	९,१०४,४७०,७३९	७,८६३,४७५,५६४	९,१०५,४७९,५३६	७,८६५,१३०,४४६
खुद ब्याज आम्दानी	६,६९६,०२३,८७४	७,६०४,२६०,६४९	६,७१६,१२१,२२१	७,६१४,९९२,६५९
फि तथा कमिशन आम्दानी	९,९०१,६३३,६५९	१,०८१,९९५,४६३	१,९०१,६३३,६५९	१,०८१,४८१,४२१
फि तथा कमिशन खर्च	२५,८१३,४०९	११,०१२,९६९	२५,८१२,९६९	११,०१२,३५८
खुद फि तथा कमिशन आम्दानी	१,८७५,८२०,३५०	१,०७०,९०७,१०५	१,८७५,८२०,६९०	१,०७०,४६९,०६३
खुद ब्याज, फि तथा कमिशन आम्दानी	८,५७१,४४४,२२४	८,६७५,१६७,७५४	८,५९१,९४१,९९२	८,६८५,४६०,७२२
खुद व्यापारिक आम्दानी	३९२,१७५,९०६	३१८,८७३,२६६	३९२,१७५,९०६	३१८,८७३,२६६
अन्य संचालन आम्दानी	३५,९३१,०७९	१८,८२७,९४१	३५,९३१,०७९	१८,८२७,९३१
कुल संचालन आम्दानी	८,९९९,९५१,२०९	९,०१२,९३८,९६९	९,०२०,०४८,९४७	९,०२३,२३१,९३७
कर्जा तथा अन्य नोक्सानी व्यवस्था/(उल्टाइएको)	५१७,२२१,८७६	-२८९,८४६,५५८)	५१७,२२१,८७६	-२८९,८४६,५५८)
खुद संचालन आम्दानी	८,४८२,७२९,३३२	९,३०२,७८५,५२६	८,५०२,८२७,०७०	९,३१३,०७८,४९४
संचालन खर्च				
कर्मचारी खर्च	३,०२५,५१०,३८९	२,९३०,३५५,७७०	३,०२५,४७०,१४४	२,९२८,८६२,०६५
अन्य संचालन खर्च	९४२,५१४,९६